सङ्घीय संसद्

**प्रतिनिधि सभा, २०८२**

दोस्रो अधिवेशन

बैठक सङ्ख्या -१९

**दैनिक कार्यसूची**

२०८३ जेठ २६ गते मङ्गलबार

दिनको १:०० बजे

**(सम्भावित)**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनु हुने।

**कार्यव्यवस्था परामर्श समितिमा मनोनयन**

२. सम्माननीय सभामुखले कार्यव्यवस्था परामर्श समितिमा माननीय सदस्यहरूको नाम मनोनयन गरेको बेहोरा जानकारी गराउनु हुने।

**अर्थ बिधेयक अवधिभित्र फिर्ता नभएको जानकारी**

३. सम्माननीय सभामुखले "वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२" राष्ट्रिय सभाबाट अबधिभित्र फिर्ता नभएको जानकारी गराउनु हुने।

**राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ**

४. माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेले वक्तव्यसहित "आ.व. २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

५. आ.व. २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ हुने।

६. माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेले छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुने।

**व्यवस्थापन कार्य**

७. माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेलेः-

(क) "विनियोजन विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।
(ख) "विनियोजन विधेयक, २०८३" प्रस्तुत गर्नुहुने।
(ग) "राष्ट्र ऋण उठाउने विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।
(घ) "राष्ट्र ऋण उठाउने विधेयक, २०८३" प्रस्तुत गर्नुहुने।
(ङ) "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०८३" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।
(च) "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०८३" प्रस्तुत गर्नुहुने।

८. माननीय सूचना तथा सञ्चार मन्त्री डा.विक्रम तिमिल्सिनाले राष्ट्रिय सभामा उत्पत्ति भएको "चलचित्र विधेयक, २०८२ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय
महासचिव